# मानव अधिकारपत्र

*राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन*

वर्ष ९ अङ्क २ जेठ २०८३


## आयोगको अनुगमन: प्रभावितको उचित व्यवस्थापन र मुआब्जाको लागि टोलीको सिफारिस



आयोगको मधेस प्रदेश कार्यालयले त्रिभुवन राजपथ विस्तारका क्रममा वीरगन्ज महानगरपालिका क्षेत्रमा घर, पसल तथा अन्य संरचना भत्काइएको घटना सम्बन्धमा विशेष अनुगमन गरेको छ । पर्साको वीरगन्ज महानगरपालिका क्षेत्रमा त्रिभुवन राजपथको केन्द्रबिन्दुदेखि दायाँबायाँ २५–२५ मिटरभित्र पर्ने संरचनाहरू २०८३ वैशाख ६ गते सडक विस्तारका क्रममा डोजर लगाइ भत्काइएको थियो।

आयोगमा दर्ता उजुरी र थप निवेदनको आधारमा कारबाही अगाडि बढाइएको थियो । आयोगले अनुगमन र अनुसन्धान कार्य अगाडि बढाएको थियो । प्रभावित पक्षबाट दिइएको उजुरीनिवेदनमा/ आफनो स्वामित्वमा रहेको जग्गामा घरलगायतका संरचना निर्माण गरी व्यापार–व्यवसायसमेत गर्दै आएकोमा जिल्ला प्रशासन कार्यालय पर्साले २०८३ वैशाख ६ गते बिहान ४.३० बजेअगावै निर्मित संरचनाभित्र रहेका सामग्रीहरू हटाउन, टहराहरू खाली गर्न सूचना जारी गरेको उल्लेख छ ।

यति छोटो समयमा घर साथै निर्मित संरचनाभित्र रहेका सामग्रीहरू हटाउन असमर्थ भएको अवस्थामा तोकिएकै समयमा डोजर लगाइ भत्काउने कार्यले अशक्त, वृद्धवृद्धा, एकल महिला, बालबालिका र अस्पतालमा रहेका बिरामीहरूसमेत घटनाबाट प्रत्यक्ष रूपमा प्रभावित हुन पुगेका छन् । उजुरीमा पूर्वसूचना, पर्याप्त समय नदिई संरचना हटाइएको, तोकिएको मापदण्डभन्दा बाहिर गई व्यक्तिका घरटहरासमेत भत्काइएको र प्रभावितहरूका लागि वैकल्पिक व्यवस्थासमेत नगरिएको उल्लेख छ । सडक विस्तारको नाममा गरिएका यस्तो कार्यबाट उल्लेख्य सङ्ख्यामा परिवार घरवारविहीन बन्नुपरेको रोजगारी तथा जीविकोपार्जनको आधार गुमेको र विद्युत् तथा स्वच्छ खानेपानी सेवाबाट समेत वञ्चित हुनुपरेको व्यवहोरा उल्लेख गर्दै मानव अधिकारको सम्मान र संरक्षण गर्न माग गरिएको छ ।

- *उजुरीमा भनिएको छ यति छोटो समयमा सूचना : दिइएकाले व्यवस्थापन गर्ने समयसमेत पाइएन। फलतः अशक्त, वृद्धवृद्धा, एकल महिला, बालबालिका र अस्पतालमा रहेका बिरामीहरूसमेत घटनाबाट प्रत्यक्ष रूपमा प्रभावित हुन पुगेका छन् ।*
  *अनुगमनको आधारमा उपलब्ध गराइएको सूचना पर्याप्त नदेखिएको, आवश्यक तयारीबिना संरचना भत्काउँदा संविधानले प्रत्याभूत गरेको सम्पत्तिको अधिकार, सूचनाको हक तथा आवासको अधिकारको उपभोगमा असर परेको देखिन्छ।*

- *यस प्रकृतिको कार्यबाट संविधान र प्रचलित कानुनले सुनिश्चित गरेका अधिकारहरू हनन भएको पाइएको छ । अतः आयोगले प्रतिवेदनको आधारमा घटनाबाट प्रभावित अशक्त, वृद्धवृद्धा, एकल महिला, बालबालिका र बिरामीहरूको विशेषत व्यवस्था गर्न साथै प्रभावितहरूलाई यथोचित राहत तथा मुआब्जा, क्षतिपूर्ति, पुनर्स्थापनाको व्यवस्थालगायतका कार्य गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने उल्लेख गरेको छ।*

उजुरी दर्ता भई आयोगबाट अनुगमन र अनुसन्धानको लागि खटिएको टोलीले इमेलमार्फत प्राप्त २० ओटा निवेदनहरूसमेत खापी कारबाही प्रक्रिया अगाडि बढाएको थियो । अनुगमनको क्रममा टोलीले सडक डिभिजन कार्यालय, हेटौंडासँग आवश्यक विवरण माग गर्नुका साथै प्रभावित क्षेत्रको अनुगमन, अवलोकन, प्रभावितहरू तथा सरोकारवाला निकायसँग छलफलअन्तरक्रिया गरेको थियो।/

अनुगमनबाट सडकको केन्द्रबिन्दु कहाँबाट मापन गर्ने भन्ने विषयमा विवाद देखिएको, भत्काइएका संरचनाहरू अझै जोखिमपूर्ण अवस्थामा रहेको तथा प्रभावितहरू समस्यामा परेको, केही परिवार आफन्तको घरमा आश्रय लिएर बस्न बाध्य भएको पाइएको छ।

अशक्त, वृद्धवृद्धा, एकल महिला, बालबालिकाहरू थप पीडामा परेको देखिन्छ । यसबाट संविधान र प्रचलित कानुनले सुनिश्चित गरेका अधिकारहरू हनन भएको पाइएको छ ।

अतः आयोगले प्रतिवेदनको आधारमा घटनाबाट प्रभावित अशक्त, वृद्धवृद्धा, एकल महिला, बालबालिका र बिरामीहरूको व्यवस्थापन गर्न साथै प्रभावितहरूलाई यथोचित राहत तथा मुआब्जा, क्षतिपूर्ति, पुनर्स्थापनाको व्यवस्थालगायतका कार्य गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने उल्लेख गरेको छ । अनुगमनअनुसन्धान टोलीमा राष्ट्रिय मानव अधिकार / आयोग मधेश प्रदेशमा कार्यरत सहसचिव बुद्धनारायण साहनी, उपसचिव जीवन न्यौपाने र मानव अधिकार अधिकृत राहुल कुमार ठाकुर रहनुभएको थियो ।

## कर्णाली प्रदेशमा मानव अधिकार उपभोग प्रमुख चुनौती : आयोगको उच्चस्तरीय टोली



राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगर नेतृत्वको उच्चस्तरीय टोलीले कर्णाली प्रदेशका विभिन्न जिल्लामा स्थलगत अनुगमन गरी मानव अधिकारको समग्र अवस्थाबारे अध्ययन गरेको छ । आयोगका सचिव मुरारिप्रसाद खरेल, सहसचिव सम्झना शर्मा तथा अन्य कर्मचारीसहितको सहभागिता रहेको टोलीले २०८३ जेठ २४ देखि असार ३ गतेसम्म सुर्खेत, दैलेख, जुम्ला, कालीकोट र मुगु जिल्लामा स्थलगत अनुगमन, सरोकारवालासँग छलफल तथा स्थानीय समुदायसँग प्रत्यक्ष अन्तरक्रिया गरेको थियो । उक्त क्रममा स्थानीय तह, सरकारी निकाय, नागरिक समाज र मानव अधिकारकर्मीहरूसँग प्रत्यक्ष संवाद गरि समग्र मानव अधिकार अवस्था, स्थानीय सरोकार तथा संस्थागत सुदृढीकरणका विषयमा जानकारी लिइएको थियो ।



यसैगरी कर्णाली जिल्लाको मानव अधिकार अवस्था अनुगमनमा खटिएका अध्यक्षसहितको टोलीले जेठ २६ गते कालिकोट जिल्लाको सदरमुकाम मान्मामा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । स्थानीय सरकारका जनप्रतिनिधि, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, मानव अधिकारकर्मी, नागरिक अभियन्ता, सञ्चारकर्मी तथा पेसागत सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा जिल्लाको समग्र मानव अधिकार अवस्थाबारे विस्तृत छलफल भएको थियो । उक्त कार्यक्रममा स्थानीय तहमा देखिएका चुनौती, सेवा प्रवाह, सुशासन र नागरिक अधिकारसँग सम्बन्धित विषयमा सहभागीहरूले आफ्ना धारणा राखेका थिए ।

चन्दननाथ नगरपालिकासँग पनि मानव अधिकारसम्बन्धी विषयमा छलफल सम्पन्न भएको छ ।

टोलीले जेठ २७ गते जुम्ला जिल्लाको चन्दननाथ नगरपालिकाका जनप्रतिनिधि, मानव अधिकार रक्षक तथासरोकारवालासँग जिल्लाको समग्र मानव अधिकार अवस्थाबारे छलफल कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा स्थानीय तह र आयोगबीच सहकार्य विस्तार, अधिकार संरक्षण तथा नागरिकका गुनासो सम्बोधनका विषयमा विचार आदानप्रदान गरिएको थियो । यसैगरी जेठ २८ गते कर्णाली प्रदेशको समग्र मानव अधिकार अवस्थाबारे विस्तृत अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । आयोगका अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा आयोजित कार्यक्रममा उच्च अदालत सुर्खेत, जिल्ला अदालत जुम्लामा कार्यरत मा. न्यायधिशहरू, जिल्ला समन्वय समिति प्रमुख, स्थानीय तह, सरकारी निकाय तथा सुरक्षा निकायका प्रमुख/प्रतिनिधिहरू, सञ्चार क्षेत्र, गैरसरकारी संस्था, नागरिक समाजका प्रतिनिधिहरू, मानव अधिकारकर्मी एवम् सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकार, सुशासन, स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिकाको अधिकार, सामाजिक न्याय, लागूऔषध नियन्त्रण र सार्वजनिक सेवा प्रवाहलगायत विषयमा देखिएका चुनौतीबारे गहन छलफल भएको थियो । सहभागीहरूले प्रभावकारी अन्तरसंस्थागत सहकार्यको आवश्यकता औंल्याउँदै आयोगलाई विभिन्न सुझाव प्रस्तुत गरेका थिए । कार्यक्रममा उठाइएका विषयमा आयोगले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

यसैबीच जेठ ३० गते आयोगको उच्चस्तरीय टोलीले मुगु जिल्लामा समग्र मानव अधिकार अवस्थाबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा अध्यक्ष तपबहादुर मगर, सचिव मुरारिप्रसाद खरेल, सहसचिव सम्झना शर्मा तथा आयोगका कर्मचारीहरूसहित सरकारी कार्यालयका प्रतिनिधि, नागरिक समाज, गैरसरकारी संस्था, पत्रकार, मानव अधिकार रक्षक तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।



कार्यक्रमका सहभागीहरूले जिल्लामा देखिएका मानव अधिकारसम्बन्धी चुनौती, सेवा प्रवाह, सामाजिक न्याय तथा

नागरिक अधिकारका विविध सवालहरूउठाएका थिए । उक्त सवालहरूको सम्बन्धमा अध्यक्ष मगर र सचिव खरेलले सम्वोधन गर्नुभएको थियो ।

## आयोगको कर्णाली प्रदेश शाखा कार्यालयको उद्घाटन

जेठ २९ गते एक कार्यक्रमकावीच आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाको औपचारिक उद्घाटन गर्नुभयो । उद्घाटन कार्यक्रममा आयोगका अनुगमन टोलीका अलवा जिल्लास्थिति सरकारी र गैरसरकारी संस्थायका प्रमुख तथा प्रतिनिधिहरूको समेत सहभागिता रहेको थियो ।

## मानव अधिकार अवस्था विषयक अन्तरक्रिया

कर्णाली प्रदेशको मानव अधिकार अवस्था अनुगमनमा खटिएका आयोगका अध्यक्षसहितको उच्चस्तरीय टोलीले कर्णाली प्रदेशमा मानव अधिकारको वर्तमान अवस्था, चुनौती र सुधारका उपायबारे सरकारी निकाय, नागरिक समाज तथा सरोकारवालासँग असार २ गते अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ । सुर्खेतमा आयोजित कार्यक्रममा आयोगले शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा, महिला तथा बालअधिकार, कारागार व्यवस्थापन, अपाङ्गता अधिकार, लैङ्गिक हिंसा, लागुऔषध दुर्व्यसन, सडक सुरक्षा र न्यायमा पहुँचलगायत विषयमा व्यापक छलफल भएको छ ।

छलफलमा सहभागीहरूले विद्यालय पूर्वाधारको अभाव, विशेषज्ञ चिकित्सक र औषधिको कमी, बालविवाह, घरेलु हिंसा, छाउपडी, लैङ्गिक विभेद, हिरासतमा हुने मृत्यु, अपाङ्गमैत्री संरचनाको अभाव, खाद्यान्न असुरक्षा तथा कमजोर सडक पूर्वाधारका कारण नागरिकको मानव अधिकार प्रभावित भएको विषय उठान गरेका थिए ।


कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष तपबहादुर मगरले कर्णालीको विकास र मानव अधिकार संरक्षणका लागि सुरक्षित सडक, भरपर्दो विद्युत्, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा अपरिहार्य रहेको बताउनुभयो । उहाँले विकासका नाममा नागरिकको जीवन र सम्मानमाथि कुनै सम्झौता हुन नसक्ने उल्लेख गर्दै अनुगमनबाट प्राप्त सुझाव र तथ्यलाई आयोगको प्रतिवेदनमार्फत सरकारसमक्ष प्रस्तुत गरी कार्यान्वयनका लागि पहल गरिने जानकारी गराउनुभयो ।



आयोगका सचिव मुरारीप्रसाद खरेलले कर्णालीमा गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा र आधारभूत पूर्वाधारको अभाव, बालविवाह, जातीय तथा लैङ्गिक विभेद, गरिबी र रोजगारीसँग सम्बन्धित मानव अधिकारका चुनौती गम्भीर रहेको तथा कर्णाली राजमार्गको दुरवस्था र जनशक्ति अभाव प्रदेशका प्रमुख समस्याको रुपमा रहेको उल्लेख गर्दै अनुगमनका निष्कर्षका आधारमा सरकारलाई आवश्यक सिफारिस गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा प्रदेश सभाका सदस्यहरू, मन्त्रालय तथा सरकारी निकायका प्रमुखहरू, गैरसरकारी सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सञ्चारकर्मी, अधिकारकर्मीहरूतथा नागरिक समाजका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा आयोगका सहसचिव सम्झना शर्माले स्वागत मन्तव्य र कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत राजेन्द्र न्यौपानेले गर्नुभएको थियो । कार्यक्रममा आयोगको कर्णाली प्रदेश कार्यालय प्रमुख रमेशकुमार थापाले समग्र प्रदेशको मानव अधिकारको अवस्था सम्बन्धमा प्रस्तुतिकरण राख्नुभएको थियो ।

## प्रेस-विज्ञप्तिमार्फत ध्यानाकर्षण


राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**
४ असार, २०८३
**आयोगको उच्चस्तरीय टोलीद्वारा मानव अधिकार अवस्था अनुगमन**

**मानव अधिकारको सुनिश्चित गर्न आयोगको निर्देशन**

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगर नेतृत्वको टोलीले २०८३ जेठ २४ गतेदेखि असार ३ गतेसम्म कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जुम्ला, कालीकोट र मुगु जिल्लामा मानव अधिकार अवस्थाका सम्बन्धमा स्थलगत अनुगमन, सरोकारवालासँग प्रत्यक्ष भेटघाट तथा छलफल गरेको छ। टोलीमा आयोगका सचिव मुरारिप्रसाद खरेल, सहसचिव सम्झना शर्मा लगायतका कर्मचारीहरूको सहभागिता रहेको थियो।

अनुगमन तथा छलफलबाट राज्यका महत्त्वपूर्ण निकायमा रहेका केही कर्मचारी तथा पदाधिकारीहरूको मानव अधिकारप्रतिको बुझाई र दृष्टिकोणमा स्पष्टता हुन नसकेको, परम्परागत हानिकारक अभ्यासहरू तथा अन्धविश्वासका कारण महिला, बालबालिकाहरूको जीवन जोखिममा पर्ने गरेको, आफ्ना हक अधिकार र उपलब्ध सरकारी सेवा सुविधाहरूबारे जानकारी नहुँदा धेरै महिलाहरू अवसरबाट वञ्चित भएको, भौगोलिक विकटता र कमजोर सडक पूर्वाधारका कारण यातायातमा सहज पहुँच पुग्न नसकेको, दैनिकजसो हुने गरेका सडक दुर्घटनाबाट कैयौं व्यक्तिले जीवन गुमाउनुपरेको, आर्थिक-सामाजिक पछौटेपन, रोजगारीको अभाव, प्राकृतिक विपत्ति, कतिपय गाउँपालिकाहरूमा खाद्यान्न अभावको अवस्था, बालविवाह, बहुविवाह, महिनावारी विभेद, बालबालिकाहरू विद्यालय छाड्ने प्रवृत्ति, बालयौन दुर्व्यवहार, घरेलु हिंसा र बलात्कार, बालबालिकालाई पोषणयुक्त खानाको अभाव, मानसिक स्वास्थ्य समस्याका कारण आत्महत्याका घटनाहरूमा वृद्धि, कतिपय स्थानमा भौतिक संरचनाको अभावका कारण बालबालिकाहरू खुला आकाशमुनी बसेर पढ्नुपर्ने बाध्यता, केही स्थानहरूमा नागरिकता लिन दुईदिन लगाएर जानुपर्ने बाध्यता, हिरासत तथा कारागारमा क्षमताभन्दा बढी कैदीबन्दीहरू, भौगोलिक अवस्था अनुसार नीति निर्माण हुन नसकेको लगायतका तथ्यहरू पाइएको छ। महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण हुन नसकेको र श्रमको भार उनीहरूमा रहेको पाइएको छ। कानुन कार्यान्वयन गर्ने निकायहरूको कमजोर भौतिक पूर्वाधार तथा पर्याप्त जनशक्ति नहुँदा सेवा प्रवाहमा समस्या रहेको छ।

अत: नागरिकको मानव अधिकारको संरक्षण र संवर्द्धनमा विशेष जोड दिँदै सो क्षेत्रका नागरिकको आवतजावत र जीविकोपार्जनको अधिकार सहज बनाउन कर्णाली राजमार्गको स्तरोन्नती गर्न, स्वास्थ्यकर्मी तथा विशेषज्ञ चिकित्सक उपलब्ध गराउन, औषधी, खाद्यान्न लगायतका अत्यावश्यक सामग्रीहरूको पर्याप्तता, पहुँचयोग्यता तथा गुणस्तरीयता सहित व्यवस्थापन गर्न, उक्त क्षेत्रबाट वैदेशिक रोजगारीका लागि भारतमा जाने नागरिकहरूको सुरक्षाको व्यवस्थामा ध्यान दिन, स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न, सरकारबाट प्राप्त गर्ने अनुदान तथा सुविधाहरूमा पहुँच सुनिश्चित गर्न, कानुन कार्यान्वयन गर्ने निकायमा भौतिक पूर्वाधारका साथै पर्याप्त जनशक्तिको व्यवस्था हुन र तीनै तहका सरकारबीचको प्रभावकारी समन्वयमा भौगोलिक अवस्था अनुसार विशेष नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ।

श्यामबाबु काफ्ले
सहायक प्रवक्ता/ उपसचिव

फोन नं. ०१-५०१००१५, फ्याक्स नं. ०१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org
https://www.youtube.com/@nationalhumanrightscommiss4301, https://www.facebook.com/NepalNHRC, https://twitter.com/NepaNHRC

आयोगको उच्चस्तरीय अनुगमन टोलीले कर्णाली जिल्लाको समग्र मानव अधिकारका विषयमा पाएका तथ्यहरूको आधारमा असार ४ गते प्रेस-विज्ञप्ति जारी गरी सरकार र सम्बन्धित निकायहरूको ध्यानाकर्षण गरेको छ ।

अनुगमनको विस्तृत प्रतिवेदन तयार पार्न केही समय लाग्ने भएकोले आयोगले अनुगमनमा प्राप्त तथ्यहरूको समावेश गरी नेपाल सरकारलाई कर्णाली प्रदेशका नागरिकहरूको मानव अधिकार सुनिश्चित गर्न निर्देशन दिएको हो ।

आयोगले जारी गरेको विज्ञप्तिमा कर्णालीमा कमजोर सडक पूर्वाधार, मानव अधिकारसम्बन्धी बुझाईमा कमी, गरिबी, बेरोजगारी तथा सामाजिक कुरीतिका कारण महिला, बालबालिका र विपन्न समुदायको मानव अधिकार प्रभावित भएको, बालविवाह, लैङ्गिक विभेद, घरेलु हिंसा, बालयौन दुव्र्यवहार, विद्यालय छाड्ने प्रवृत्ति, पोषण अभाव, क्षमताभन्दा बढी कैदीबन्दी, कमजोर सार्वजनिक सेवा तथा कानुन कार्यान्वयनमा जनशक्ति र पूर्वाधारको कमी जस्ता विषयहरू प्रमुख चुनौतीका रूपमा औंल्याइएको छ ।

आयोगले कर्णाली राजमार्गको स्तरोन्नति, स्वास्थ्य सेवा र अत्यावश्यक वस्तुको पहुँच विस्तार, स्थानीय रोजगारी सिर्जना, वैदेशिक रोजगारीमा जाने नागरिकको सुरक्षा, सरकारी सेवामा पहुँच सुनिश्चित गर्न तथा तीनै तहका सरकारबीच समन्वय गरी भौगोलिक अवस्थाअनुकूल नीति र कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देशन दिएको छ ।

## सम्मान तथा बिदाइ कार्यक्रम



आयोगमा विभिन्न समयमा योगदान पुऱ्याइ अवकाश प्राप्त गरेका तथा राजीनामा वा अन्य कारणले सेवाबाट अलग भएका पूर्व कर्मचारीहरूको योगदानको कदर गर्दै आयोगले मिति २०८३ जेठ २० गते सम्मानसहित विदाई तथा धन्यवाद कार्यक्रम सम्पन्न गरेको छ ।

आयोगका अध्यक्ष तपबहादुर मगरको अध्यक्षता तथा प्रशासन अधिकृत कल्पना घिमिरेको सहजीकरणमा सम्पन्न उक्त कार्यक्रममा आयोगका सचिव, सहसचिवहरूर अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा आयोगका सहसचिव डा. टिकाराम पोखरेलले स्वागत मन्तव्य दिनुभएको थियो । यसअघि पनि आयोगले २०६९ साउन २२ गते यस्तै प्रकृतिको कार्यक्रम सम्पन्न गरेको थियो । २०६९ साउनदेखि यता आयोगमा कम्तीमा एक वर्षभन्दा

बढी अवधि सेवा गरी हाल सेवाबाट अलग रहेका ३९ जना पूर्व कर्मचारीहरूलाई कार्यक्रममा निमन्त्रणा गरिएकोमा १० जना पूर्व कर्मचारीहरू सहभागी भएका थिए ।

सहभागीहरूमा दीपक कार्की, दीपक थापा, पूजा न्यौपाने, अभिषेक चन्द, सनिक्षा बादे, बाबुकाजी के.सी., समन मानन्धर, इन्द्रबहादुर सुवाल, मेनुका पोखरेल तथा बालमुकुन्द कार्की रहनुभएको थियो ।

कार्यक्रममा आयोगका सचिव मुरारिप्रसाद खरेल, सहसचिवहरू यज्ञप्रसाद अधिकारी, नवराज सावकोटा र संझना शर्माले पूर्व कर्मचारीहरूले संस्थाको विकास र कार्यसम्पादनमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै उनीहरूको उज्ज्वल भविष्य, निरन्तर प्रगति र सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

पूर्व कर्मचारीहरूको तर्फबाट दीपक थापा, पूजा न्यौपाने र बालमुकुन्द कार्कीले मन्तव्य व्यक्त गर्दै आयोगमा बिताएका कार्यअनुभवहरू स्मरण गर्नुभयो । उहाँहरूले संस्थाले गरेको सम्मान र बिदाइप्रति हार्दिक आभार व्यक्त गर्दै आयोगसँगको सम्बन्ध सधैं रहिरहने विश्वास व्यक्त गर्नुभयो ।



कार्यक्रमको समापनमा आयोगका अध्यक्ष तपबहादुर मगरले पूर्व कर्मचारीहरूको समर्पण, इमानदारी र संस्थाप्रतिको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँहरूलाई सफल र समृद्ध भविष्यको शुभकामना दिनुभएको थियो ।

## विश्वव्यापी आवधिक समीक्षा सिफारिस कार्यान्वयनमा स्थानीय तहको भूमिका विषयक परामर्श



आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सिफारिसहरूको कार्यान्वयनमा प्रदेश सरकार र स्थानीय तहको भूमिका विषयक परामर्श कार्यक्रम धनगढीमा सम्पन्न भएको छ । आयोगको सुदूरपश्चिम प्रदेश कार्यालयका निमित्त कार्यालय प्रमुख मानबहादुर कार्कीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेश सभाका सभामुख भीमबहादुर भण्डारीको प्रमुख आतिथ्यता तथा सामाजिक विकास मन्त्री मेघराज खड्काको विशिष्ट आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रदेशसभा सदस्य इन्दिरा गिरी र ललिता सुनार, आयोगका सचिव मुरारिप्रसाद खरेल, धनगढी उपमहानगरपालिकाका उपप्रमुख कन्दकला राना, प्रदेश नीति तथा योजना आयोगका सचिव गणेशबहादुर सिंह तथा यूएनएफए (UNFPA) का प्रदेश कार्यालय प्रमुख राजकुमार ढुङ्गानालगायतको उपस्थिति रहेको थियो । त्यसैगरी सुदूरपश्चिम प्रदेश सरकारका विभिन्न मन्त्रालयका प्रमुख तथा प्रतिनिधि, नेपाल सरकारका विभिन्न कार्यालयका प्रतिनिधि, सुरक्षा निकाय, कैलाली र कञ्चनपुरका स्थानीय तहका प्रतिनिधि, गैरसरकारी संस्था, विकास साझेदार, सञ्चारकर्मी, कानुन व्यवसायी, महिला अधिकारकर्मी, नागरिक समाजका

अगुवा तथा विद्यार्थीहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रममा ग्लँएब् का प्रतिनिधि समीर घिमिरेले विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रस्तुति राख्नुभएको थियो । कार्यक्रममा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका सचिव मुरारिप्रसाद खरेलले यूपीआरबाट प्राप्त सिफारिसहरू सुदूरपश्चिम प्रदेश सरकार र स्थानीय तहले प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिनुभयो । उहाँले सुदूरपश्चिम प्रदेशमा महिला हिंसा, न्यायमा पहुँच, दलित अधिकार, यौनिक तथा लैङ्गिक अल्पसंख्यकका अधिकार, बाल अधिकार तथा मानव बेचबिखनजस्ता विषय मानव अधिकारका मुख्य सवालका रूपमा रहेको उल्लेख गर्दै नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको हैसियतले विभिन्न मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर गरिसकेको सन्दर्भमा मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्नु राज्यको दायित्व भएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले सुदूरपश्चिम प्रदेशका मानव अधिकारका प्रमुख चुनौती, अवसर तथा कार्यान्वयनका उपायबारे आफ्ना धारणा राखेका थिए । उनीहरूले मानव अधिकारसम्बन्धी सिफारिसहरूलाई प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रूपमा कार्यान्वयन गर्न समन्वय, सहकार्य र जवाफदेहितालाई थप सुदृढ बनाउनुपर्ने आवश्यकता औंल्याएका थिए ।

## बालविवाहले मानव अधिकार उपभोगमा पार्ने असरसम्बन्धी परामर्श कार्यक्रम



राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा बालविवाहले मानव अधिकार उपभोगमा पार्ने असरसम्बन्धी कर्णाली प्रदेशसभा सदस्यहरूसँग परामर्श कार्यक्रम वीरेन्द्रनगरमा सम्पन्न भएको छ ।

आयोगका सदस्य तथा बालविवाहले मानव अधिकार उपभोगमा पार्ने असरसम्बन्धी राष्ट्रिय जाँचबुझका संयोजक डा. लिली थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कर्णाली प्रदेशसभाका सभामुख नन्दा गुरुङ प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । कार्यक्रममा उपसभामुख यशोदा न्यौपाने, सामाजिक विकास मन्त्री घनश्याम भण्डारी, प्रदेशसभा सदस्यहरू, आयोगका सचिव मुरारिप्रसाद खरेल, प्रदेशसभा सचिव डा. अर्जुनकुमार खड्का, अनुसन्धानकर्ता डा. अनिता घिमिरे तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा आयोगका सचिव खरेलले बालविवाहका कारण बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षित भविष्य तथा सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रभावित हुने विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । त्यसैगरी अनुसन्धानकर्ता डा. अनिता घिमिरेले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो । आयोगको कर्णाली प्रदेश कार्यालय, सुर्खेतका प्रमुख रमेशकुमार थापाले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै सहभागीलाई स्वागत र कार्यक्रम सञ्चालन मानव अधिकार अधिकृत राजेन्द्र प्रसाद न्यौपानेले गर्नुभएको थियो ।

छलफलका क्रममा अधिकांश सहभागीहरूले बालविवाहका कारण विवाह दर्ता, जन्म दर्तालगायत कानुनी तथा सामाजिक समस्या सिर्जना हुने र यसले बालबालिकाको शिक्षा, स्वास्थ्य, सुरक्षित भविष्य र सम्मानपूर्वक बाँच्न पाउने अधिकारमा प्रत्यक्ष असर पार्ने विषयमा धारणा राखेका थिए । सहभागीहरूले बालविवाह न्यूनीकरणका लागि कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन, जनचेतना अभिवृद्धि,

स्थानीय तहको सक्रियता तथा प्रदेशस्तरीय नीतिगत पहल आवश्यक रहेको औँल्याएका थिए । कार्यक्रममा बालविवाहलाई मानव अधिकारको गम्भीर चुनौतीका रूपमा लिँदै यसको रोकथामका लागि राज्यका सबै निकायबीच समन्वय र सहकार्य सुदृढ गर्नुपर्नेमा जोड दिइएको थियो ।

## विविध कार्यक्रमसहित आयोगको २६ औं स्थापना दिवस




राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो २६औं स्थापना दिवस देशभर विविध कार्यक्रमका साथ मनाएको छ । २०५७ साल जेठ १३ गते स्थापना भएको आयोगले हरेक वर्ष स्थापना दिवसका अवसरमा केन्द्रीय कार्यालय तथा सातै प्रदेश र प्रदेश शाखा कार्यालयमार्फत विभिन्न कार्यक्रम आयोजना गरी स्थापना दिवस मनाउँदै आएको छ ।

आयोगका अध्यक्ष तपबहादुर मगरको अध्यक्षमा हरिहर भवनस्थित केन्द्रीय कार्यालयमा आयोजित मुख्य समारोहमा प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल प्रमुख अतिथि रहनुभएको थियो । कार्यक्रममा संवैधानिक निकायका पदाधिकारी, सरकारी उच्च अधिकारी, कूटनीतिक नियोग, सुरक्षा निकाय, राजनीतिक दल, नागरिक समाज तथा सञ्चार क्षेत्रका प्रतिनिधिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकारः दिगो शान्ति र समृद्धिको आधार" भन्ने नारासहित आयोजित कार्यक्रममा वक्ताहरूले मानव अधिकार संरक्षण तथा प्रवर्धनमा आयोगले विगत २६ वर्षमा पुऱ्याएको योगदानको प्रशंसा गर्दै आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन, संस्थागत सुदृढीकरण तथा कानुनी सुधारको आवश्यकतामा जोड दिएका थिए ।

कार्यक्रममा स्वागत मन्तव्य राख्दै आयोगका सदस्य लिली थापाले मानव अधिकार संरक्षणको यात्रा अझै चुनौतीपूर्ण रहेको उल्लेख गर्नुभयो । उहाँले आयोगका सिफारिसहरूको कार्यान्वयन सन्तोषजनक नभएकोमा चिन्ता व्यक्त गर्दै विद्युतीय माध्यमबाट हुने मानव अधिकार उल्लङ्घनप्रति विशेष सतर्कता अपनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । ज्येष्ठ नागरिक, बालबालिका, भूमिहीन, सुकुम्बासी तथा अन्य सिमान्तकृत समुदायका अधिकार संरक्षणमा राज्य थप जिम्मेवार हुनुपर्ने उहाँको भनाइ थियो ।



सभामुख अर्यालले आयोगको स्वतन्त्रता र स्वायत्तता सुदृढ गर्न आवश्यक कानुनी सुधार तथा सङ्घीय संरचनाअनुरूप आयोगसम्बन्धी ऐन संशोधनका लागि संसद् प्रतिबद्ध रहेको धारणा व्यक्त गर्नुभयो । सङ्क्रमणकालीन न्याय, मानव बेचबिखन नियन्त्रण, आप्रवासी श्रमिकको अधिकार संरक्षण, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा महिला, बालबालिका र सीमान्तकृत समुदायका अधिकार संरक्षणमा सरकार र संसद् दुवै प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । गैरसरकारी संस्था महासङ्घ नेपालका अध्यक्ष अर्जुन भट्टराईले आयोगलाई पर्याप्त स्रोतसाधन, संस्थागत सुदृढीकरण तथा

आफ्नै भवनको आवश्यकता रहेको उल्लेख गर्दै आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयन गर्न सरकारसँग आग्रह गर्नुभयो । उहाँले मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि सरकार, संसद, निजी क्षेत्र, नागरिक समाज तथा अन्तर्राष्ट्रिय समुदायबीच थप सहकार्य आवश्यक रहेको बताउनुभयो ।

संयुक्त राष्ट्रसङ्घका आवासीय कार्यक्रमका प्रतिनिधि जुलियन चिलेभार्डले आयोगले अन्तर्राष्ट्रिय समन्वय संस्था GANHRI को "A Status" मान्यता कायम राख्न सफल भएकोले आयोगको विश्वसनीयता, स्वतन्त्रता तथा अन्तर्राष्ट्रिय मानव अधिकार मापदण्डप्रतिको प्रतिबद्धतालाई पुष्टि गरेको बताउनुभयो ।

कार्यक्रमको समापन मन्तव्यको क्रममा अध्यक्ष तपबहादुर मगरले आयोगका सिफारिसहरूको कार्यान्वयन दर न्यून भएकोले सिफारिस कार्यान्वयनमा सरकारको थप प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्दै सङ्क्रमणकालीन न्याय, व्यवसाय र मानव अधिकार, जलवायु परिवर्तन, डिजिटल अधिकार, वातावरणीय न्याय तथा सीमान्तकृत समुदायका अधिकार संरक्षणका विषयमा विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सो अवसरमा आयोगले सर्वोत्कृष्ट मानव अधिकार सेवा पुरस्कार उपसचिव श्यामबाबु काफ्ले, उत्कृष्ट मानव अधिकार सेवा पुरस्कार मानव अधिकार अधिकृत खिमलाल सुवेदी र कल्पना नेपाल आचार्य तथा मानव अधिकार सेवा पुरस्कार रोजिना लुइँटेललाई प्रदान गरेको थियो । त्यसैगरी आयोगमा २५ वर्ष तथा १५ वर्ष सेवा पूरा गरेका कर्मचारीहरूलाई दीर्घसेवा तथा विशेष सम्मान प्रदान गरिएको थियो ।

## स्थापना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम

स्थापना दिवसको अवसरमा आयोगको कर्णाली प्रदेश शाखा कार्यालय, जुम्लाले जेठ ७ गते तातोपानी गाउँपालिकासँगको समन्वयमा स्थानीय तहका सरोकारवालासँग मानव



अधिकारसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना सम्पन्न गरेको छ ।

कार्यक्रममा मानव अधिकारको अवस्था, चुनौती तथा समाधानका उपायबारे छलफल गरिएको थियो । सहभागीहरूले स्थानीय तहसम्म आयोगको पहुँच विस्तार गर्नुपर्ने आवश्यकता औँल्याएका थिए भने वक्ताहरूले मानव अधिकारको संरक्षण, संवद्र्धन र कार्यान्वयनका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए ।

आयोगको जुम्ला कार्यालयका प्रमुख कल्पना नेपाल आचार्यको अध्यक्षता तथा जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यको प्रमुख आतिथ्यता र तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईको विशिष्ट आतिथ्यतामा सम्पन्न कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिहरू, पूर्व जनप्रतिनिधिहरू, कर्मचारीहरू राजनीतिक दलका प्रतिनिधिहरू, सुरक्षा निकायका प्रतिनिधिहरू, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू तथा अधिकारकर्मीहरूर सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा कार्यालय प्रमुख कल्पना नेपालले कार्यत्रपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमका सहभागीहरूले मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा कार्यान्वयन सुनिश्चितताका लागि सर्वपक्षीय समन्वय र सहकार्य गर्ने सामुहिक प्रतिबद्धता व्यक्त गरेका थिए ।

## शुभकामना आदानप्रदान




आयोगको वाग्मती प्रदेश कार्यालयले शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गरी आयोगको स्थापना दिवस मनाएको छ । प्रदेश कार्यालयका प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षता र वाग्मती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव कृष्णबहादुर शाही, सामाजिक विकास मन्त्रालयका सचिव धुर्व अधिकारी, विभिन्न मन्त्रालयका प्रतिनिधि, मानव अधिकारकर्मी, गैरसरकारी संस्था, नागरिक समाज तथा सञ्चार क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

सामाजिक विकास मन्त्रालयका सचिव ध्रुव अधिकारीले संविधानले सुनिश्चित गरेका मानव अधिकारको प्रत्येक नागरिकले उपभोग गर्न पाउनुपर्ने बताउँदै त्यसका लागि राज्यका सबै निकायबीच सहकार्य आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा वक्ताहरूले मानव अधिकार संरक्षण र प्रवर्धनमा आयोगले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै आयोगका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिएका थिए । सहभागीहरूले आयोगले मानव अधिकार उल्लङ्घनसम्बन्धी उजुरीहरूको अनुसन्धान गरी नेपाल सरकारलाई दिएका सिफारिसहरू कार्यान्वयनमा ढिलाइ हुँदा पीडितहरूले प्रभावकारी न्यायको अनुभूति गर्न नसकेको धारणा व्यक्त गरेका थिए । त्यसैगरी मानव अधिकार, विकास, वातावरण संरक्षण, संक्रमणकालीन न्याय, बाल अधिकार, महिला अधिकार, स्वास्थ्य, शिक्षा, खाद्य अधिकार तथा उपभोक्ता अधिकारका क्षेत्रमा आयोगले अझ प्रभावकारी अनुगमन र अनुसन्धान गर्नुपर्ने सुझाव पनि दिइएको थियो । कार्यक्रममा मानव अधिकारको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय र सहकार्य अझ सुदृढ बनाउनुपर्नेमा सबैको जोड रहेको थियो । हेटौंडामा सम्पन्न उक्त कार्यक्रमको सहजीकरण मानव अधिकार अधिकृत कृष्णप्रसाद मिश्र र स्वागत मन्तव्य मानव अधिकार अधिकृत पवित्रा भण्डारीले राख्नुभएको थियो ।


**संकलन/सम्पादन मण्डल**

कैलाशकुमार सिवाकोटी
नेत्रबहादुर गौतम
पवन भण्डारी